● वासुदेव पुलामी
उप-प्राध्यापक,
नेपाली विभाग, कालीपद घोष तराई महाविद्यालय,
बागडोगरा।

# तुलसी र भानुका कृतिमा नारीपात्र

**सार**

यस अध्ययन–पत्रमा गोस्वामी तुलसी दास र कवि भानुभक्त आचार्यका कृतिहरूमा पाइने नारीपात्रबारे तुलनामूलक अध्ययन गरिएको छ। तुलसीकृत 'श्रीरामचरितमानस' र भानुभक्तीय 'रामायण'लाई मूल आधार मानेर गरिएको यस अध्ययन–पत्रमा नारीका विभिन्न रूपको तुलना गरिएको छ। यस क्रममा दुई कविहरूका फुटकर रचनाहरूमा पाइने नारीपात्रलाई पनि दृष्टान्तका रूपमा राखिएको छ। दुवै कविका प्रत्येक काव्यकृतिहरूका पङ्क्ति–पङ्क्ति तुलना गर्नु यस अध्ययन–पत्रको अभीष्ट भने होइन।

**बीज शब्द :** नारीपात्र, मातृसत्ता, नारीरूप, भक्तिकाव्य, तुलना, नेपाली भाषा, हिन्दी साहित्य।

**प्रस्तावना**

भारतीय आधुनिक आर्य भाषाहरू मध्ये हिन्दी र नेपाली दुईवटा प्रमुख भाषा हुन्। यी दुईवटा भाषाका मौखिक र लिखित साहित्यबारे आ–आफ्नै इतिहास रहेका पाइन्छन्। देवनागरी लिपिमा लेखिने यी दुईवटा भाषाहरूमाझ धेरै समानता र भिन्नताहरू पनि पाइन्छन्। समग्र भारतीय साहित्यका सन्दर्भमा भन्नुपर्दा भारतीय भाषाहरूका साहित्य विभिन्नतामा एकता अनि एकतामा विभिन्नता रहेको पाइन्छ। जसरी भारतीय भाषाहरूका लेखाइका शैलीहरू आ–आफ्नै किसिमका छन्, त्यसरी नै जातीय

इतिहास, सामाजिक चेतना, सांस्कृतिक मूल्य र मान्यताहरू पनि आ–आफ्नै किसिमका छन्। तथापि भारतीय भाषाहरूका रूप अनेक भए तापनि आत्मा एउटै छ भन्न सकिन्छ। यसकारण भारतीय भाषाहरूका साहित्यको विकासमा तुलनात्मक अध्ययनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

यस कार्यपत्रअन्तर्गत 'गोस्वामी तुलसीदास र आदिकवि भानुभक्त आचार्यका काव्यकृतिहरूमा नारीपात्र' बारे तुलनात्मक अध्ययन गरिने प्रचेष्टा गरिएको छ। दुवै कविहरू आ–आफ्ना भाषा–साहित्यका भक्तिकाव्य परम्पराका केन्द्रीय कवि प्रतिभाहरू थिए। हिन्दी साहित्यमा भक्तिकाव्य पन्ध्रौं शताब्दीतिर लेखिएको पाइन्छ भने नेपाली साहित्यमा झन्डै तीन शताब्दीपछि तथा अठाह्रौं शताब्दीतिर लेखिएको पाइन्छ। दुवैले रामकथालाई आदर्श मानी वाल्मीकिकृत संस्कृत 'रामायण'–को स्वभाषामा अनुवाद गरेका छन्। तुलसीकृत श्रीरामचरितमानस अवधिमा लेखिएको हिन्दी साहित्यको महान कृति मानिए जस्तै भानुभक्तीय रामायणलाई पनि जनजिब्रोले बोल्ने भाषामा लेखिएको लोकप्रिय कृति मानिन्छ। यी बाहेक दुवैका मौलिक र अनेक फुटकर रचनाहरू पनि उपलब्ध छन्। यहाँ मूलत: यी दुईजना कविहरूका काव्यकृतिहरूमा पाइने नारी पात्राहरूबारे चर्चा गरिनेछ।

### १. 'नारी' को परिचय एवं समाज–सांस्कृतिक सन्दर्भ

'नारी' संस्कृतको तत्सम नामपद हो जसले 'स्त्री जाति, महिला, पोथी मानिस, आइमाई'[१] अनि पुरुष जातिको विपरीत लिङ्गी भन्ने अर्थ बुझाउँछ। शारीरिक रूपका आधारमा नारीहरूका बत्तीसवटा लक्षणहरू हुन्छन् भन्ने सामान्य भनाइ पनि पाइन्छ। पूर्वीय समाजमा अझ नारीको अर्थलाई व्यापकरूपमा माता, जननी, जगत्माता, स्रष्टा र देवी आदिको स्थान पनि दिएको पाइन्छ।

परापूर्वकालदेखि संसारमा समाजको अवधारणा विकास भएपछि समाजलाई मुख्यतः दुई रूपमा विभाजन गरिएको पाइन्छ १. पितृसत्तात्मक समाज र २. मातृसत्तात्मक समाज। संसारमा पितृसत्तात्मक समाजका तुलनामा मातृसत्तात्मक समाजको इतिहास कमै पाइन्छ। पाश्चात्य देशका तुलनामा पूर्वीय देशहरूमा पितृसत्तात्मक सामाजिकता अधिक मात्रामा प्रेरित र पोषित देखिन्छ। पूर्व र पश्चिमको समाज विकासक्रममा धेरै अन्तर पाइन्छ। 'पाश्चात्य जगत्मा ग्रीस र रोमका पुराकथामा अमाजोनीया र अचिलिया जस्ता नारीहरू युद्धमा पनि खटिएका थिए भन्ने पाइन्छ। तिनीहरू आफ्ना पतिहरू सँगसँगै जङ्गलमा सिकार र युद्धमा जान्थे साथै तिनीहरूले लगाउने पहिरन पनि पुरुषहरूका जस्तै एकै किसिमका हुन्थे भन्ने कुराको उल्लेख पाइन्छ।'[२]

'दक्षिण एसियाको प्राचीन वैदिक युगमा प्रचलित र स्थापित अनेक सामाजिक एवम् सांस्कृतिक

---

१. बालकृष्ण पोखरेल र अन्य वि सं २०४० बृहत् नेपाली शब्दकोश, (सम्पा) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, पृ ७२७

२. www.wikipedia.org/wiki/-mazons. बाट १६ अगस्त सन् २०१५

विशेषताको सङ्केत वेद, ब्राह्मण ग्रन्थ र संहिताहरूले गरेको पाइन्छ। ऋग्वेदको समयमा पितृसत्तात्मक समाज प्रकट भइसकेको थियो तर पनि त्यसमा मातृतन्त्रका कतिपय अवशेष रहेका सङ्केत पाइन्छन्।'[३] वैदिक काल भन्दा धेरै पुराना कथा र मिथकहरू महाभारत र पुराणहरूमा सङ्कलित पाइन्छन्। ऋग्वेदमा देवकुल आदित्य वंशकी आदिमाता अदितिको उल्लेख रहेको पाइन्छ। महाभारतमा अदिति, दिति, दनु, विनीता, विश्वा, कद्रु आदि अनेक आदिमाताहरूको उल्लेख छ। तिनीहरूलाई दक्षप्रजापतिका छोरी र कश्यपका पत्नी पनि भनिएको पाइन्छ। तर तिनीहरूका शाखा–सन्तानका नाउँ आमाकै नामबाट बनेका छन्। जस्तै– अदितिबाट आदित्य, दितिबाट दैत्य, दनुबाट दानव आदि। यसरी बाबुको नामबाट वंश नचली आमाको नामबाट वंश चल्नुले त्यस बेला मातृतन्त्र बलियो रहेको स्पष्ट हुन्छ। 'ऋग्वेदकै जुम्ल्याहा दाजु–बहिनी यम र यमी दुवै मन्त्रद्रष्टा ऋषि हुन्। यमी आफ्नो समयकी पुरोहित पनि हुन्। तर त्यहाँ यम (पुरुष) ले यमी (नारी)लाई हेप्ने र उसमाथि आदेश चलाउन खोज्ने स्थिति सुरु हुन लागेको देखिन्छ।'[४]

वेद र पुराणका दार्शनिकहरूमध्ये धेरैजसोले विश्वब्रह्माण्डका सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता ब्रह्मा, विष्णु, शिव आदिका रूपमा पुरुष नै भएको कल्पना, तर्क र वर्णन अघि सार्दै ल्याए। पुरुष र नारीबिना सृष्टिको प्रक्रिया नै चल्दैन भन्ने शाश्वत सत्यमाथि नै पर्दा लगाएर नारीको भूमिकालाई उपेक्षा गर्ने क्रममा बिस्तारै वृद्धि हुँदै आयो। त्यसैले पूर्वको चिन्तनले मातृतन्त्री युगको अमूर्त कल्पनासम्म त गऱ्यो तर त्यसको यथार्थ चिन्तन, खोज र तथ्य अघि सारेन। पितृतन्त्री युगका ठालु चिन्तकहरूले नारी शक्तिको वास्तै नगरी एकक्षत्र रूपले पैतृक विचार फैलाएर यो सृष्टि ब्रह्मा (पुरुष)ले रचना गरेको भन्ने पितृसत्ताको बखान मात्र गर्दै आए। त्यसले गर्दा दक्षिण एसियाको विराट प्राचीन साहित्यले आदिम मातृतन्त्री मानवसमाजको कुनै चित्र अघि सार्न सकेन। चार वेद, सयौँ उपनिषद्, अनेक स्मृति, अठार पुराण, अठारै उपपुराण आदिको रचना हुँदा पनि मातृजातिको आदिम इतिहासतिर कसैले ध्यान दिएको पाइँदैन। 'आजपर्यन्त भारतका खासी, मिज आदि जनजातीय समूहहरूमा मातृतन्त्रका जीवित तत्त्वहरू विद्यमान पाइन्छन्।'[५] उनीहरूका समाजमा आज पनि नारीको उत्तिकै महत्त्वपूर्ण स्थान छ। यसप्रकार आजभोलि समाजमा 'मातृसत्ता' शब्द राजनीति प्रेरित पनि बुझिन्छ। समाजमा समान अधिकारका लागि आजभोलि विश्वमा नै नारीहरू लडिरहेका देखिन्छन्। आज आएर यही मातृसत्ताको अवधारणा नारीवाद, लैङ्गिक विमर्शजस्ता अध्ययनका नयाँ सङ्कथनका रूपमा आविर्भूत हुँदै अघि बढेको

३. वि सं २०६८ 'समाज विकासमा मातृतन्त्र र पितृसत्ता', गरिमा, वर्ष ३५ अङ्क ७, पूर्णाङ्क ३४३, साझा प्रकाशन, काठमाडौं, पृ ४५

४. मोदनाथ प्रश्रित वि सं २०५६, 'हाम्रा प्राचीन नारी, प्राचीन इतिहास विश्लेषणको गहन प्रयत्न', हाम्रा प्राचीन नारी, निर्माण प्रकाशन, सिक्किम, प्र सं, पृ १४

५. मोदनाथ प्रश्रित, 'हाम्रा प्राचीन नारी, प्राचीन इतिहास विश्लेषणको गहन प्रयत्न', हाम्रा प्राचीन नारी, पूर्ववत्, पृ १४

पाइन्छ। यस अध्ययनपत्रमा नारीपात्रलाई मात्रै लिएर अध्ययन गरिएको छ।

### २. गोस्वामी तुलसीदास र भानुभक्त आचार्यका काव्यकृतिमा नारीपात्र

गोस्वामी तुलसीदास र आदिकवि भानुभक्त आचार्यका काव्यकृतिहरूमा नारी पात्रको चित्रणबारे विभिन्न आरोपहरू रहेका पाइन्छन्। ती दुई कविहरूले नारी चरित्रलाई निकृष्ट रूपमा वर्णन गरेका छन् भन्ने आलोचना दुवै साहित्यका आलोचकहरूले गरेको पाइन्छ। यद्यपि यसका लागि दुवै कविहरूका सामाजिक युग परिस्थिति र परिवेश आदिको प्रभावको कारण पनि हुनसक्छ भन्न सकिन्छ। गोस्वामी तुलसीदासको जन्म पन्ध्रौँ शताब्दीको अन्त तथा सोह्रौँ शताब्दीको प्रारम्भमा इस्वी सन् १४९७ मा भएको थियो। भारतीय इतिहासको त्यो समय लोदी वंशको शासनकाल समाप्त भएर मुगलहरूको पदार्पण भएको समय थियो। तथा सन् १५२६-मा बाबरले इब्राहिम लोदीलाई परास्त गरी मुगल शासन स्थापना गरेर हुमायूँ (सन् १५३०-१५५५)-ले पच्चीस वर्षसम्म मुगल शासन चलाएपछि अकबर (सन् १५५६-१६०५)-लाई सुम्पिएका थिए। सम्म शासन चलाएका थिए।'[६] यसै मुगलकालमा गोस्वामी तुलसीदासले रामचरितमानस लेखेर प्रसिद्धि कमाएका थिए भनिन्छ। यस्ता प्रतिकूल परिस्थितिमा पनि तुलसीदासले समाजमा रामराज्यको परिकल्पना गरी संस्कृतको वाल्मीकीय रामायणको अवधिमा अनुवाद गरेर रामराज्यको भक्तिभावना मानिसहरूका मनमा पछिसम्मै फैलाइदिए। उनका बाह्रभन्दा अधिक मौलिक र अनूदित रचनाहरू रहेको उल्लेख पाइन्छ। ती यस प्रकार छन्- रामलछुमनछु वैराग्य-संदीपनी, बरवै रामायण, पार्वती-मंगल, जानकी-मंगल, रामाज्ञाप्रश्न, दोहावली कवितावली, गीतावली, श्रीकृष्ण-गीतावली, विनय-पत्रिका, सतसई, छन्दावली रामायण, कुण्डलिया रामायण, राम शलाका, संकटमोचन, करखा रामायण, रोला रामायण, झूलना, छप्पय रामायण, कवित्त रामायण, कलिधर्माधर्म निरूपण, हनुमान चालीसा आदि।

भानुभक्तको जन्म त्यस समय भएको थियो जति बेला नेपालमा युद्धविक्रम शाह (सन् १७९७-१८१६)-को शासन थियो। अर्थात् अङ्ग्रेजहरूसित नेपालीहरूको सुगौली सन्धि हुनुभन्दा केही महिना अघि १३ जुलाई सन् १८१४ तथा असार २९ गते सम्वत् १८७१ का दिन भानुभक्तको जन्म भएको थियो। पश्चिम नेपालको सप्तगण्डकी प्रदेशमा अवस्थित तनहुँ रमघा गाउँमा यिनको जन्म सम्भ्रान्त ब्राह्मण कुलमा भएको थियो।[७] त्यस प्रदेशमा निकै ख्याति तथा मर्यादा प्राप्त गरेका श्रीकृष्ण आचार्य नामक एकजना ब्राह्मण थिए। तिनका चार छोरामध्ये जेठा धनञ्जयका एकमात्र पुत्र भानुभक्त आचार्य

६. भगीरथ मिश्र, सन् २००६, 'जीवनी और युग', तुलसी साहित्य, खेमसिंह डहेरिया (सम्पा), अध्ययन पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, नई दिल्ली, प्र सं, पृ २५

७. सूर्यविक्रम ज्ञवाली, विस २०५८, 'भानुभक्तको संक्षिप्त जीवनचरित्र', रामायण, भानुभक्त आचार्य, साझा प्रकाशन, काठमाडौँ, चौ सं पृ ५

आफ्ना बाजेका प्रियपात्र थिए। यिनीद्वारा अनूदित 'रामायण' नेपाली समाजमा खुबै चाख र आदरसित पढिन्छ। उनका मौलिक कृतिहरू हुन्– 'वधूशिक्षा' (सन् १८६३), 'भक्तमाला' (सन् १८५२), 'प्रश्नोत्तरमाला' (सन् १८५२)। यसबाहेक उनका ४८ वटा जति फुटकर रचनाहरू उपलब्ध छन्।

हिन्दीका भक्तिकालीन कवि तुलसीदासको समयमा मुगल राजाहरू भोग विलास, सुरा सुन्दरीप्रति आशक्त थिए। मुगल राजाहरूका लागि सुरा र सुन्दरीसँगको भोग विलासमा रुचि एउटा सामान्य सोखको विषय हुन्थे भनिन्छ। सुन्दरी कन्याहरूलाई तत्कालीन राजाहरूले भेट–स्वरूप मुगलहरूलाई सुम्पनु पर्दथ्यो। अकबरको शासनमा मात्रै नभएर यो प्रथा जहाँगीरको समयसम्म राजा उदयसिंह, बीकानेरका राजा रायसिंह, राजा मानसिंह. जगतसिंह, रामचन्द्र बुन्देला आदिका कन्याहरूलाई मुगल शासकहरूले भोगका साधन बनाएका थिए। डा राजपति दीक्षितअनुसार त्यस समय 'यथा राजा तथा प्रजा' भएका कारणले हिन्दुहरूको पतन निश्चित थियो।[८] अत: यस्ता प्रतिकूल परिस्थितिमा तुलसीदासले नारीहरूको ह्रास र पतनोन्मुख स्थिति देखेर पनि आफ्ना काव्यहरूमा नारीबारे यस्तो वर्णन गरेको हुन सक्छ भन्न सकिन्छ।

त्यसरी नै भानुभक्त आचार्यको समयमा नेपालका राजा युद्धविक्रम शाहको शासन काल थियो। नेपालमा तत्कालीन राजाहरू पनि भोगविलासी त निश्चय रहेका थिए। यद्यपि भानुभक्तले रामायणमा नारीहरूबारे कटाक्ष वा व्यङ्ग्य गरेका छैनन्। उनले रामायणमा नारीहरूको महिमा गान गाएका छन्। तर उनका एकाध मौलिक कृतिहरूमा भने नारीहरूलाई कटाक्ष गर्दै व्यङ्ग्य कसेको भेटिन्छ। वास्तवमा आदिकवि भानुभक्त आचार्यले रामायण लेखेर समाजमा राम र सीताको आदर्श स्थापना गर्न चाहेको कुरा रामायण पढेपछि थाहा पाइन्छ। तसर्थ समाजमा सीता, कौशल्या, अनुसूया आदि नारीको अपेक्षा राख्ने भानुभक्तले आफू बाँचेको नेपाली समाजमा त्यस्ता नारीहरू नभेट्दा अथवा नदेख्दा उनले आफ्ना कतिपय मौलिक फुटकर काव्यकृतिहरूमा नारीहरूबारे कटाक्ष गरेका छन्। उनको 'वधूशिक्षा'–मा घरका गृहिणीले के के काम गर्नु हुन्न र के के काम बिहान चाँडै उठेर गर्नुपर्छ भन्ने कुरा उल्लेख गरेका छन्। समाजमा नारीहरू स्वच्छन्द हुँदा धेरै कुराहरू बिग्रन्छन् भन्ने कुरा भानुभक्तले उल्लेख गरेका छन्। यी बाहेक उनका अनुदित कृति 'प्रश्नोत्तरमाला'–मा पनि नारीहरूबारे ठाउँ ठाउँमा कटाक्ष गरेका छन्। भानुभक्त आचार्यले नारीहरूलाई लिएर जति पनि व्यङ्ग्य कसेका छन्, ती सबैमा नारीहरूलाई निच देखाउनु नभएर नारीहरूले समाजमा आफ्ना स्थान र मर्यादा सीता, कौशल्या, पार्वती, अनुसूया, सुमित्रा आदिले जस्ता राखून् भन्ने उद्देश्य राखेर भनेको हुन सक्छ। यहाँ यी दुईजना कविहरूका काव्यकृतिहरूमा नारीबारे गरिएको वर्णनलाई तुलनात्मक रूपमा देखाउन सकिन्छ।

---

८. डा हरिशंकर दुबे, सन् २००६, 'तुलसी की नारी भावना चिंतन के नूतन आयाम', खेमसिंह डहेरिया (सम्पा), तुलसी साहित्य, नई दिल्ली, अध्ययन पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स, प्र सं पृ ३३

### २.१ इष्टसित सम्बन्धित नारी

पूर्वीय वाङ्मयमा समाजमा नारीको स्थान गरिमामय रूपमा रहेको वर्णन पाइन्छ। वैदिक कालदेखि नै नारीका विभिन्न लक्षणहरूबारे उल्लेख गरिएको पाइन्छ। गोस्वामी तुलसीदास र भानुभक्त आचार्य दुवै भक्ति सम्प्रदायका केन्द्रीय कवि हुनाले उनीहरूले ईश्वरको भक्ति, उपासना र आदर्श स्थापनाजस्ता कुरामा ध्यान दिएर काव्य रचना गरेका छन्। परम महिमा सम्पन्न, समस्त विश्वमा सुख एवं कल्याण प्रदान गर्ने आदर्श रामकी माता कौशल्याको वर्णन ममतामयी रूपमा गरिएको छ। दुवै कविले आफ्ना समाजको परिवेशलाई अङ्कन गर्दै सीता र कौशल्याको वर्णन पवित्र एवं सुन्दर र आराध्य देवीको रूपमा गरेका छन् तथा कौशल्या र सीता दुवैको वर्णन परिवार र समाजमा प्रेम, सद्भावना र पुनीत विचारधारा राख्ने नारीका रूपमा गरेका छन्।

तुलसी दासले एकठाउँ भनेका छन् –

कौशल्यादि नारि प्रिय सब आचरन पुनीत<br>
पति अनुकूल प्रेम दृढ हरिपद कमल विनीत।[९] –(**रामचरितमानस**)

यसप्रकार सीतालाई एकजना त्याग र वलिदान दिन तयार रहेकी जगज्जननी पात्राको रूपमा वर्णन गरिएको छ भने कौशल्यालाई धैर्य, सहिष्णुता र विवेकी नारीको प्रतिमूर्तिका रूपमा वर्णन गरिएको छ।

भानुभक्त आचार्य रामायणमा लेख्छन्–

सीताराम् अघि तप् गरिन् र त यहाँ छोरा बुहारी भया।<br>
कौशल्या कन ता मिल्यो अदितिको शोभा सबै ताप् गया।।<br>
सीताराम् पनि लोकमा सकलको आनन्दमङ्गल् गरी।<br>
चेष्टा मानिसको गरी कन रह्या त्रैलोक्यका नाथ हरी।।१३९।।[१०] –(**रामायण**)

अर्थात् राम र सीताको आदर्श परिवारलाई केन्द्र गरेर भानुभक्तले रामायण अनुवाद गरेको देखिन्छ। सीता र राम जस्ता छोरा बुहारी पाएर लोकमा कौशल्या पनि धन्य भएकी छिन्। यसप्रकार कौशल्या जस्ती माताबाट प्रेरणा ग्रहण गरेर नै समाजमा राम र सीता जस्ता नारी र पुरुषको आदर्श स्थापना भएको पाइन्छ भन्ने कुरो भानुभक्त आचार्यले उल्लेख गरेका छन्।

---

९. उषा पाण्डेय सन् २००८ 'नारी भावना', उदयभानु सिंह (सम्पा), तुलसी, नई दिल्ली, राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड, पृ १५३

१०. भानुभक्त आचार्य, 'अयोध्याकाण्ड' रामायण, काठमाडौं, साझा प्रकाशन, पूर्ववत्, पृ २४

### २.२. नारीको आदर्श अथवा नारीको सत रूप

गोस्वामी तुलसीदासले 'रामचरितमानस'मा सतरूपा तथा आदर्शमयी, कल्याण विधायिका, ममतामयी चरित्रका रूपमा नारीहरूको चित्रण गरेका छन्। विभिन्न किसिमका दुख, वेदना, विषाद र विरागमा विचलित नबन्ने सहिष्णुता र धैर्यका प्रतिरूप पनि मानेका छन्। सीता, कौशल्या, पार्वती, अनुसूया, सुमित्रा, तथा मन्दोदरी आदिलाई उनले सतरूपिणी नारी भनेर वर्णन गरेका छन्। गोस्वामी तुलसी लेख्छन् –

प्रभु के बचन सीस धरि सीता।
बोली मन क्रम वचन पुनीता।[११] –(**रामचरिमानस**)

सीता आफ्ना पति वनवास जानलाग्दा कुनै किसिमको विरोध गर्दिनन्, आफ्ना पति रामको वचनलाई अवमानना नगरेर रामसितै वनवास जान तयार हुन्छिन्।

भानुभक्त आचार्य लेख्छन्–

पीताको वचनै लिई सिर उपर जान्छू म बनमा प्रिये।
चौधै वर्ष बिताइ जल्दि म यहाँ फिर्न्या छु निश्चै श्रिये।।३९।
................................................
यस्ता बात प्रभुका सुनी कन तहाँ सीतजी मूर्छा परिन्।
पैल्हे ज्योतिषिको कुरो सब कही छोड्दीन सेवा भनिन्।।४०।।[१२] –(**रामायण**)

भानुभक्तीय रामायणमा भने माता कौशल्या र पिता दशरथको वचन पुरा गर्न चौध वर्ष वनबास जान लागेका रामकी पत्नी सीताको वर्णन एकजना आदर्श सतरूपा पत्नीको रूपमा वर्णन गरेका छन्। अर्थात् ज्योतिषीले भने झैं रामकै सेवा गर्न भनी सीताले आफ्नो पतिको सेवा गर्न सँगै जाने आग्रह राखेकी छन् तथा पतिभक्तिको सद्भाव र सेवाका निम्ति वनवास नै जान तयार बनेको कुरा भानुभक्त आचार्यले वर्णन गरेका छन्। यहाँ नारीहरूका आदर्श र सत रूपको वर्णन पाइन्छ।

### २.३ शक्तिको स्रोतका रूपमा नारी

गोस्वामी तुलसीदासले कर्तव्यपरायण, गुणशील नारीहरूले पितृकुल अथवा वंशलाई पनि संरक्षण गर्न सक्छन् भनेका छन्। वास्तवमा तुलसीदासले नारीलाई पुरुष समकक्ष उभिन सक्ने आदर्श र स्वधर्म

११. उषा पाण्डेय, 'नारी भावना', तुलसी, नई दिल्ली, राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड, पृ १५६
१२. भानुभक्त आचार्य, 'अयोध्याकाण्ड' रामायण, काठमाडौँ, साझा प्रकाशन पूर्ववत्, पृ ३१

मान्ने, समाज–संस्कर्ताका रूपमा वर्णन गरेका छन्। अत: कर्तव्यपरायण नारीहरूको उनले प्रशंसा पनि गरेका छन्। उनले ती नारीहरूप्रति निन्दा गरेका छन्, जो भोगविलासमा रत भएका छन्, कर्तव्यहीनता र कुमार्गमा लागेका नारीहरूलाई नै उनले व्यङ्ग्य कसेका छन्। अत: तत्कालीन समाजका प्रभावमा नारीहरूलाई भोग विलासको सामग्री हुनबाट बचाउन र आफ्नो मर्यादा बचाएर सीता र कौशल्याजस्ता शक्तिरूपिणी नारी भएर श्रद्धाका पात्र बन्ने सुझाव दिएको पाइन्छ।

तुलसीदास लेख्छन्–
तापस बेष जनक सिय देखी। भयेउ प्रेम परितोष बिसेषी।
पुत्रि पवित्र किए कुल दोऊ। सुजस धवल जगु कह सब कोऊ।[१३]

भानुभक्त लेख्छन्–
मुल् शक्ती प्रभुकी अनन्त गुणकी सो दिव्य मूर्ती बनी।
छोरी भै ति बस्याकि छन् जनककी सीता छ नाउँ पनी।।७६।।[१४] –(**रामायण**)

अर्थात् जनकपुत्री सीताको रूप सौन्दर्यले मात्रै नभएर एकजना सहिष्णुताकी देवी, गुण सुन्दरी नारीको रूपमा वर्णन गरेका छन् जसले आफ्ना पतिको कुललाई मात्रै नभएर आफ्ना पिता जनकको पनि कुल र मर्यादालाई सीताले बचाएकी छन् भन्ने कुरा भानुभक्त आचार्यले पनि चर्चा गरेका छन्। यसबाहेक रामायणमा अन्य शक्तिको स्रोतका रूपमा अनुसूया, शबरी, त्रिजटा, आदिको विभिन्न प्रसङ्गमा वर्णन गरेका छन्।

### २.४ उच्छृङ्खल प्रवृत्तिका नारीको निन्दा

गोस्वामी तुलसीदास र आदिकवि भानुभक्त आचार्य दुवैले आदर्श रामराज्यको भावलोक स्थापना गरेर समाजमा राम र सीताजस्ता पात्र–पात्राको परिकल्पना गर्न चाहेको बुझिन्छ। यी दुई कविहरूले सुरा र सुन्दरीले उन्मत्त भएको समाजलाई नजिकबाट देखेका थिए। समाजमा यस्ता उच्छृङ्खलता बढेको कारण नै उनीहरूले आफ्ना काव्यकृतिहरूमा नारीको निन्दा गरेको हुनसक्छ। समाजमा नारीहरूलाई भोग्य वस्तुको रूपमा मात्रै प्रयोग गरेर विलासिताको साधन बनाइरहेका भारतमा मुगल राजाहरूको समय र नेपालमा रानाहरूको समय लगभग एउटै किसिमको देखिन्छ। दुवै कविहरूले यस्ता समाजबाट नारीहरूलाई सचेत गराउने उद्देश्यले पनि यस्तो लेखेको हुनसक्छ। गोस्वामी तुलसीदासले

१३. उषा पाण्डेय, 'नारी भावना' तुलसी, पूर्ववत्, पृ १६३
१४. भानुभक्त आचार्य, 'रामायण', काठमाडौँ, साझा प्रकाशन पूर्ववत, पृ १३

'रामचरितमानस'मा नै अधिक मात्रामा नारीको आलोचना गरेका छन् भन्ने आरोप पाइन्छ भने आदिकवि भानुभक्त आचार्यले 'रामायण'मा भन्दा अधिक उनका मौलिक कृति वधूशिक्षा र अनूदित कृति प्रश्नोत्तरमालामा र अन्य फुटकर रचनाहरूमा नारीचरित्रमाथि निकै कटाक्ष, व्यङ्ग्य गरेका र उपदेश समेत दिएका छन्।

तुलसी लेख्छन्–
नारि नयन सर जाहि न लागा। घोर क्रोध तम निसि जो जागा।।
लोभ पास जेहि गर न बँधाया। सो नर तुम्ह समान रघुराया।।[१५]

अर्थात् तुलसीदासले नारीलाई यहाँ कामिनीका रूपमा वर्णन गरेका छन् जसले समस्त विश्वमा नै आफ्नो आँखाका वाणले विष घोलेर मानिसहरूलाई माया र मोहमा फसाउने गर्छन् तर राम मात्रै एकजना यस्ता अपवाद पुरुष छन् जो ती कुराहरूदेखि टाढा रहेका छन् भनेर उल्लेख गरेका छन्।

भानुभक्त लेख्छन्
हाँस्नू छैन कदापि नारिहरूले वेश्या हुन्या हाँस्तछन्।
वेश्या लौ नहउन् तथापि घरको काम् ती सबै नास्तछन्।।१९।[१६] –(**वधूशिक्षा**)

अझ अर्को ठाउँ लेख्छन्–
गजाधर सोतीका घर बुढि अलक्षिन् कि रहिछन्,
नरक जानालाई सबसित बिदावादि भइछन्।।[१७] –(फुटकर कविता)

अर्थात्, नारीहरू आफ्नो उच्छृङ्खल व्यवहारले गर्दा नै दुवै कविहरूले नारीलाई निकृष्ट रूपमा वर्णन गरेको पाइन्छ। भानुभक्तले जुन सन्दर्भ र समाजका नारीको आलोचना गरेका छन्, त्यसले तत्कालीन नारीहरूको उच्छृङ्खल व्यवहारलाई देखाउँछ। अत: भानुभक्तले समाजमा मान मर्यादा नराखी जतासुकै डुली हिँडने, काम नगरी बस्ने, अरूको कुरा गर्दै दिन बिताउने, आलस्यग्रस्त देखिएका नारीहरूलाई नै विशेष व्यङ्ग्य गरिएको पाइन्छ। वास्तवमा यो कटाक्ष व्यङ्ग्यहरू उपदेशात्मक पनि रहेको पाइन्छ।

---

१५. उषा पाण्डेय, 'नारी भावना' तुलसी, पूर्ववत्, पृ १६०
१६. मतिप्रसाद ढकाल, वि स २०६४, 'आस्था' आगम प्रकाशन, काठमाडौ, प सं, पृ १३
१७. भानुभक्त आचार्य, 'फुटकर रचना' रामायण, काठमाडौँ, साझा प्रकाशन पूर्ववत्, पृ २४७

### २.५ समकालीन परिस्थितिमा नारी

कवि कलाकारहरू समाजका द्रष्टा हुन्छन्। उनीहरू समाजमा जन्म ग्रहण गर्छन् र समाजबाटै संस्कार ग्रहण गर्छन्, प्रेरणा ग्रहण गर्छन्। तिनै परिस्थितिहरूलाई प्रतिक्रिया स्वरूप आफ्नो भाव र विचारद्वारा समाजको परिवेशलाई सुरभित, सुशोभित गर्छन्। यसरी उनीहरूले युगको प्रतिनिधि गर्छन् भने युगको निर्माण पनि गर्छन् तथा यस्ता युग निर्माण गर्ने कवि–कलाकारहरू समाजमा युग–युगसम्म बाँचेका हुन्छन्। तसर्थ उनीहरूका काव्यकृति तथा कलाकृति जुनै युगका लागि पनि उत्तिकै समसामयिक प्रतीत हुने हुन्छन्। गोस्वामी तुलसीदासको 'रामचरितमानस' र आदिकवि भानुभक्त आचार्यको 'रामायण'को यसैले पनि महत्त्व रहेको देखिन्छ।

भारतीय सांस्कृतिक इतिहासमा गोस्वामी तुलसीदासको 'रामचरितमानस' एउटा महत्त्वपूर्ण घटना मानिन्छ। त्यसरी नै नेपाली समाजमा पनि भानुभक्तद्वारा अनूदित 'रामायण'को उत्तिकै महत्त्व छ। डा कुमार प्रधान लेख्छन्– 'भानुभक्तले आफ्नो रामायणलाई कुनै धर्म–सम्प्रदायकै सीमाभित्रको धर्म पुस्तक मात्र बनाएका छैनन्। भानुभक्तको रामायण ग्रीकहरूको 'इलियड' र 'ओडिसी' झैं नेपालीहरूको जातीय महाकाव्य भएको छ। हामीले मानिलिएका मानवीय मूल्य र आदर्श भएका चरित्रहरूले पनि रामायणको आख्यान लोकप्रिय भएको हो।'[१८] यी दुई कविहरूले समाजमा राम र सीताजस्ता नरनारीको आदर्श निर्माण गर्न चाहेको बुझिन्छ। यद्यपि दुवै आ–आफ्ना समाजका प्रतिनिधि कवि भएका हुनाले उनीहरूले आफ्नो समाजको तत्कालीन परिवेशलाई राम्ररी वहन गरेर रामायणको अनुवाद गरेका छन्। आजको समसामयिक सन्दर्भमा गोस्वामी तुलसीदास र आदिकवि भानुभक्तको रामायणमा वर्णित नारीको सन्दर्भ केलाउँदा समसामयिक विचारसित केही बेमेल निश्चय उत्पन्न हुने सम्भावना देखिन्छ। तर उनीहरूले जुन समाजमा बसेर नारीहरूको उल्लेख गरेका छन्, त्यसले नारीहरूको मान र मर्यादालाई होच्याउने र उपेक्षा मात्रै नगरेर उनीहरूलाई सचेत गराउने उद्देश्य पनि निश्चय रहेको पाइन्छ।

### ३. निष्कर्ष

समग्रमा भन्नुपर्दा दुवै कविहरूले समाजमा पुरुष र स्त्रीहरूबिच न त कुनै किसिमको विभेद सिर्जना गर्न चाहेका छन्, न त कुनै प्रकारको पक्षपात नै गरेका छन्। कविद्वयले सामाजिक मर्यादालाई नै सर्वोपरि मानेर रामकथा र आफ्ना मौलिक काव्यकृतिहरू सिर्जना गरेको पाइन्छ। यसका साथै कविद्वयले समाजमा नारीको स्थान उच्च र मर्यादित रूपमा राख्न चाहेका हुन्। आफ्ना काव्यकृतिहरूमा कविद्वयले नारीहरूको आलोचना मात्रै गरेका निश्चय होइनन्, बरु त नारीको पवित्रता र निर्मल गुणहरूको संरक्षण गर्न चाहेको बुझिन्छ। उनीहरू चाहन्थे, समाजमा नारीहरू आफ्नो कर्तव्यबाट विमुख नबनेर सामाजिक

१८. कुमार प्रधान, सन् २००५, 'अधीति केही', सिलगढी, पूर्णिमा प्रकाशन, प्र सं, पृ ४४

मर्यादा कायम राखिरहून्, कारण तत्कालीन समाजमा नारीहरूलाई भोग र विलासको साधन मात्रै बनाउने परम्परा दुई कविहरूले धेरै नजिकबाट देखेका थिए। वास्तवमा यसै कुकृत्य र कुकर्मबाट सतर्क गराउनलाई नै कविद्वयले नारीहरूलाई आफ्ना रचनाहरूमा तीव्र व्यङ्ग्य कसेको देखिन्छ। दुवै कविहरूलाई आफ्नो व्यक्तिगत जीवनमा नारीहरूबाट अपमान गरिएको कारण पनि नारीहरूप्रति यस्तो व्यङ्ग्य गरिएको हो कि भन्न सकिन्छ। कारण गोस्वामी तुलसीदासलाई आफ्ना प्रिया रत्नावलीले तिरस्कृत गरिदिएको कारण नै उनले नारीहरूप्रति द्वेष र विरक्ति देखाएका हुन् भन्ने पाइन्छ भने आदिकवि भानुभक्त आचार्यलाई पनि आफ्ना मित्र तारापतिको घरमा बास बसेको दिन घरमा सासू–बुहारी झगडा परेको दृश्य देखेर नै उनले 'वधूशिक्षा' लेखेका हुन् भन्ने भनाइहरू पाइन्छ। यसप्रकार जे भए तापनि दुवै कविहरूले नारीहरूलाई जे जति लेखेर वर्णन गरे त्यसले नारीहरूलाई समाजमा सचेत रहने सुझाव दिएका छन् भन्न सकिन्छ।

**सन्दर्भ ग्रन्थ सूची**


१. पोखरेल, बालकृष्ण र अन्य (सम्पा), **बृहत् नेपाली शब्दकोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल, वि स २०४०

२. www.wikipedia.org/wiki/-mazons. बाट १६ अगस्त सन् २०१५

३. प्रश्रित, मोदनाथ, **'समाज विकासमा मातृतन्त्र र पितृसत्ता'**, गरिमा, वर्ष ३५, अङ्क ७ पूर्णाङ्क ३४३ वि सं २०६८ साझा प्रकाशन, पुलचोक, ललितपुर, नेपाल

४. प्रश्रित, मोदनाथ, **हाम्रा प्राचीन नारी**, प्राचीन इतिहास विश्लेषणको गहन प्रयत्न, हाम्रा प्राचीन नारी मूल लेखक– मदनमणि दीक्षित, निर्माण प्रकाशन, गुम्पा घुर्बिसे, नाम्ची, दक्षिण सिक्किम, वि स २०५६ फागुन ६

५. मिश्र, भगीरथ, **जीवनी और युग**, तुलसी साहित्य, सम्पा. खेमसिंह डहेरिया, अध्ययन पब्लिशर्स एन्ड डिस्ट्रीब्यूटर्स, नई दिल्ली, सन् २००६

६. ज्ञवाली, सूर्यविक्रम, **भानुभक्तको संक्षिप्त जीवनचरित्र**, रामायण, भानुभक्त आचार्य, साझा प्रकाशन, काठमाडौं, नेपाल, वि स २०५८

७. दुबे, हरिशंकर, **तुलसी की नारी भावना चिंतन के नूतन आयाम**, तुलसी साहित्य, सम्पा, खेमसिंह डहेरिया, अध्ययन पब्लिशर्स एन्ड डिस्ट्रीब्यूटर्स, नई दिल्ली, सन् २००६

८. **पाण्डेय, उषा, नारी भावना**, तुलसी, सम्पा, उदयभान सिंह, राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड, नई दिल्ली, सन् २००८

९. ढकाल, मतिप्रसाद, **भानुभक्तका लघुरचनाहरू**, आस्था आगम प्रकाशन, नवलपसारी, वि स२०६४

१० प्रधान, कुमार, **अधीति केही**, पूर्णिमा प्रकाशन, सिलगढी, सन् २००५